फोन. नं. ०८७-४४००१९
ईमेल - kalikot@dolma.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि प्रशासन कार्यालय, कालीकोट

प.स. २०८३/८४
च.नं.

मिति:- २०८३/०४/२७
ने.स.११४६

## सुचना! सुचना!! सुचना!!!

प्रस्तुत विषयमा भूमि व्यवस्थापन तथा अभिलेख विभागको च.नं. २६३ मिति २०८३/०४/०१४ गतेको पत्र बमोजिम मालपोत नियमावली (नवौं संशोधन), २०८३ ले छुट जग्गा दर्ताको लागी निवेदन दिने हदम्याद नतोकिएको हुदाँ जुनसुकै समयमा पनि निवेदन दिन सक्नेछ भनि उल्लेख भएको, मालपोत नियमावली २०३६(नवौं संशोधन,२०८३) को नियम ४क. बमोजिम छुट जग्गा दर्ताको लागि परेका निवेदनहरुको कार्यालयले निवेदन परेको मितिले २ बर्षभित्र अनिवार्य टुङ्गो लगाइसक्नु पर्नेछ भन्ने कानुनी व्यवस्था भएको र मिति २०८० साल माघ ११ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार तोकिएको म्यादभित्र निवेदन परि समयभित्र निर्णय हुन नसकेका वा सो सुचना प्रकाशित हुनुअघि कार्यालयमा फस्योंट हुन बाँकी रहेका निवेदन उपरको कारवाही मालपोत नियमावली,२०३६ (नवौं संशोधन,२०८३) को नियम ४क. मा भएको व्यवस्था अनुसार जग्गाधनि/निवेदकबाट पुनः निवेदन लिई सो निवेदनलाई आधार मानी २ बर्षभित्र अनिवार्य रुपमा परेका सबै निवेदनहरुको टुङ्गो लगाउनुहुन भनि लेखि आएकाले जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम नाप नक्सा भएको जग्गा दर्ता गर्न छुट भएमा त्यस्तो जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले तपसिलमा उल्लेखित आवश्यक कागजात तथा प्रमाणहरु समेतका आधारमा रैकर तर्फको छुट जग्गा दर्ताको लागि यस कार्यालयमा निवेदन दिनुहुन सबैको जानकारीको लागि यो सुचना जारी गरिएको छ।

<u>तपसिल</u>

१. जग्गाको साविक दर्ता सम्बन्धी प्रमाण (लगत) को प्रमाणित प्रतिलिपि,
२. जग्गाको तिरो तिरेको निस्सा वा प्रमाणको प्रमाणित प्रतिलिपि,
३. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. नापी क्षेत्रीय किताबको प्रमाणित प्रतिलिपि,
५. सम्बन्धित जग्गाको कित्ता स्पष्ट हुने नापी नक्साको प्रिन्ट वा ट्रेश नक्सा,
६. जग्गा रहेको स्थानिय तहको हकभोग सम्बन्धी सिफारिस,
७. निवेदकको स्थायी ठेगाना रहेको स्थानिय तहको हकदार खुलेको सिफारिस,
८. नामसारी दर्ता गर्नुपर्ने भए निवेदकको स्थायी ठेगाना रहेको स्थानिय तहबाट मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणपत्र तथा हकवाला यकिन भएको किटानी सिफारिस,
९. अदालतको फैसला वा मिलापत्र बमोजिम दर्ता दाखिल खारेज गर्नुपर्ने भए जनाउ पत्र, फैसला वा मिलापत्रको प्रमाणित प्रतिलिपि,
१०. पारित लिखत अनुसार दर्ता खारेज गर्नुपर्ने भए पारित लिखतको प्रमाणित प्रतिलिपि,
११. कार्यालयले आवश्यक ठानेका अन्य प्रमाण

..............
[illegible] कठायत
कार्यालय प्रमख

दे.नं. २४
२०८३/४/१४

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
(मालपोत तथा भूमिसुधार शाखा)

फ्याक्स नं. ५३३०५८५
महानिर्देशक: ५३२३०४९
निर्देशक प्रशासन:- ५३२५९८
निर्देशक योजना:- ५३२६९८
क.प्र.शाखा:- ५३६६४९३
आ.प्र.शाखा:- ५३६६४९३
पिए Ext.:- ५३२००२८

पत्र संख्या:- २०८३/०८४/१६/१ 185
चलानी नं.:- 263

बबरमहल, काठमाण्डौं
नेपाल ।

मिति:-२०८३/०४/१४

विषय:- छुट जग्गा दर्ता र कारवाही सम्बन्धमा।

श्री भूमि प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा भूमि प्रशासन कार्यालय सिंजा नाराकोट जुम्लाको च.नं.११ मिति २०८३/०४/१२ को पत्रबाट नेपाल सरकारबाट मिति २०८० साल माघ ११ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार छुट जग्गा दर्ताको लागि परेका निवेदन र सो भन्दा अगाडि परेका निवेदनका सम्बन्धमा फस्यौंट गर्ने समय लगायतका विषयमा निर्देशन माग गरेकोले रैकरतर्फको छुट जग्गा दर्ताको निवेदन लिने र सो को फस्यौंट गर्ने सम्बन्धमा धेरै कार्यालयहरुबाट द्विविधा भएको लगायतका विषयमा फोन मार्फत जिज्ञासा राख्ने गरेकोले निम्नानुसार गर्नु/गराउनुहुन यो परिपत्र गरिएको छ ।

निम्न:-

१. मालपोत नियमावली, २०३६ को नियम ४क. को उपनियम (१) मा रहेको नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको म्यादभित्र भन्ने शब्द मालपोत नियमावली (नवौं संशोधन), २०८३ बाट झिकिएकोले उक्त नियम ४क. को उपनियम (१) मा हाल "जग्गा नापजाँच ऐन, २०१९ बमोजिम नापनक्सा भएको जग्गा दर्ता गर्नसम्म छुट भएमा त्यस्तो जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले देहायका कागजात समेत संलग्न गरी सम्बन्धित भूमि प्रशासन कार्यालयमा निवेदन दिनुपर्नेछ" भन्ने व्यवस्था रहेकोले सम्बन्धित जग्गावालाले छुट जग्गा दर्ताको लागि निवेदन दिने हदम्याद नतोकिएको हुँदा जुनसुकै समयमा पनि निवेदन सक्नेछ ।

२. मालपोत ऐन, २०३४ को दफा ७ (२) मा "जग्गा (नापजाँच ऐन, २०१९) बमोजिम नापनक्सा भएको कुनै जग्गा दर्ता गर्नसम्म छुट भएकोमा उक्त जग्गाको साविक दर्ता, तिरो र भोग समेतको आवश्यक छानविन गरी तोकिए बमोजिमको समितिको सिफारिसमा तोकिएको प्रक्रिया अपनाई भूमि प्रशासन कार्यालयले त्यस्तो जग्गा दर्ता गर्न सक्नेछ । त्यस्तो दर्ता सम्बन्धमा भूमि प्रशासन कार्यालयले निवेदन परेको मितिले २ वर्षभित्र अन्तिम टुङ्गो लगाई सक्नुपर्नेछ" भन्ने कानुनी व्यवस्था रहेबमोजिम मालपोत नियमावली, २०३६ (नवौं संशोधन, २०८३) को नियम ४क. बमोजिम कार्यालयमा छुट जग्गा दर्ताको लागि परेका निवेदनको कार्यालयले निवेदन परेको मितिले २ वर्षभित्र अनिवार्य अन्तिम टुङ्गो लगाइसक्नु पर्नेछ ।

३. मिति २०८० साल माघ ११ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार तोकिएको म्यादभित्र निवेदन परी तोकिएको समयभित्र निर्णय हुन नसकेका वा सो सूचना प्रकाशित हुनुअघि कार्यालयमा फस्यौंट हुन बाँकी रहेका निवेदन उपरको कारवाही मालपोत नियमावली, २०३६ (नवौं संशोधन, २०८३) को नियम ४क. मा भएको व्यवस्था अनुसार जग्गाधनी/निवेदकबाट पुनः निवेदन लिई सो निवेदनलाई आधार मानी २ वर्षभित्र अनिवार्य रुपमा परेका सबै निवेदनहरुको टुङ्गो लगाउनुहुन ।

२०८३।४।१४

(माधव प्रसाद बराल)
शाखा अधिकृत